आज मिति २०८१ साल जेष्ठ २४ गते बिहिवार पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका वैठक बसी निम्न वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | रामजानकी यादव |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | [signature] |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | [signature] |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | [signature] |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | [signature] |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | [signature] |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | [signature] |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | [signature] |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | रिता देवी |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | [signature] |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | श्री सन्तोष कुमार मिश्र | [signature] |

कर्मचारी

१ श्री राजिब कुमार झा सूचना प्रबिधि अधिकृत

Scanned with CamScanner

**प्रस्तावहरु :**

१ सडक विस्तार तथा सार्वजनिक जग्गाको अतिक्रमण हंटाउने सम्वन्धमा ।

२ पोखरीको डिल उपभोग सम्बन्धमा ।

३ व्यबसाय दर्ता तथा कर सम्वन्धि कार्यविधि २०८१ सम्वन्धमा ।

४ आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम सम्वन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा तपशिलका उल्लेख भए अनुसार सडक विस्तार तथा अतिक्रमण हटाउने निर्णय गरियो ।

तपशिल

क. वडा नं.७ वनौली मोड देखी विध्यापति डिह सम्मको सडकमा हाल २० फिट भन्दा वढी कायम रहेको स्थानमा सडक सिमा यथावत राखी २० फिट भन्दा कम सडक रहेको स्थानमा कम्तिमा २० फिट कायम हुने गरि सडकमा रहेको संरचना हटाई सडक विस्तार गर्ने र उक्त सडकमा आवस्यक्ता अनुसार ढल निकासको व्यवस्था समेत मिलाउने ।

ख. पिपरा ढेकहा कृषि सडकमा २२ फिट भित्र निर्माण गरिएको संरचना तथा सडक सिमामा राखिएको वस्तुहरु हटाई सडक अतिक्रमण हटाउने ।

ग. वडा नं.५ सहोडवा हुलाकी सडक देखी वडा नं. ६ रहमानपुर रेल्वे लाइन सम्मको सडकमा १० मि भन्दा वढी हाल नक्शामा उल्लेख रहेको सिमा यथावत राखी १० मि भन्दा कम राहेको स्थानमा कम्तिमा १० मिटर कायम हुने गरि घर टहरा तथा अन्य संरचनाहरु हटाई सडक निर्माण कार्यमा सहयोग गर्ने ।

घ. पिपरा वडा नं.२ अतराढ मा रहेको अस्मसान घाटको अतिक्रमण हटाउने ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा विपतका समयमा विपत व्यवस्थापनका लागि पालिका भित्र अन्य विभिन्न पोखरीहरुको डिल लगायत सामुदायिक विद्यालयका खाली भवन तथा खुल्ला चौरहरु प्रयास रहेकोले विपत व्यवस्थापनमा कुनै वाधा तथा अफ्टयारो नहुने भएकोले गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि साविक पिपरा कविरगम्मा वडा २ ख कित्ता नं. १५९ र पिपरा हाटवजार व्यवस्थित गर्नका निमित पिपरा ६ कित्ता नं. ३२५ ,३२६ र पिपरा १ कित्ता नं. १९ को सार्वजनिक जग्गा पिंपरा गाउँपालिकाको नाममा दर्ता गरिदिनहुन भनि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा पिपरा गाउँपालिकाको व्यवसाय दर्ता तथा कर सम्बन्धि कार्यविधि २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम मिति २०८१/०३/०५ गते रा.ना.मा.वि.पिपराको मैदानमा प्रस्तुत हुने निर्णय गरियो ।